**आकाशवाणी खरसाङ, प्रादेशिक समाचारः नेपाली**

मितिः १६ नोभेम्बर २०२३

समयः १८:५० - १९:०० बजे

**प्रमुख समाचार**

**१.** प्रधानमन्त्री नरेन्द्र मोदीले एक निजी मिडिया संगठनद्वारा आयोजित लिडरशिप शिखर सम्मेलनलाई सम्बोधन गर्दै आफ्नो सरकार भोट बैंकको राजनीतिबाट टाढा रहेको बताउनु भएको छ।

**२.** आज देशभरी राष्ट्रिय प्रेस दिवस मनाइएको छ।

**३.** दार्जिलिङ हिमालयन रेलवे (DHR) ले भोली देखि नयाँ जलपाईगुडी-दार्जिलिङ टोयट्रेन सेवा पुनः सुरु गर्न लागेको छ।

**४.** दार्जीलिङमा ट्राफिकको समस्यालाई समाधान गर्नको लागि गोर्खाल्याण्ड क्षेत्रीय प्रशासनले दार्जीलिङ नगरपालिका क्षेत्र अन्तर्गत घूममा डीआरसी पार्किंग बनाउने निर्णय गरेको छ।

**प्रधानमंत्री -नाइजीरिया ब्राजील गुयाना यात्रा...16.11.2024... 3.45PM**

प्रधानमंत्री नरेन्द्र मोदी आज नाइजीरिया, ब्राजील अनि गुयानाको 6 दिनको यात्रामा प्रस्थान गर्नु भएको छ। यात्राको पहिलो चरणमा, प्रधानमंत्री मोदी नाइजीरियाका राष्ट्रपति बोला अहमद टीनुबू को निमंत्रणमा नाइजीरिया पुग्नुहुनेछ। 17 बर्षमा कुनै भारतीय प्रधानमंत्रीको यो पहिलो नाइजीरिया यात्रा हुनेछ। 2 दिनको यस यात्राको अवधि , प्रधानमंत्रीले नाइजीरियाका शीर्ष नेताहरु सित दुवै देशहरु बीच रणनीतिक साझेदारीको समीक्षा गर्नुहुनेछ अनि द्विपक्षीय सम्बन्धहरुलाई अघि बढ़ाउने तरीकाहरु माथि चर्चा गर्नुहुनेछ। श्री मोदीले नाइजीरियामा भारतीय समुदायलाई पनि संबोधित गर्नुहुनेछ। भारत अनि नाइजीरिया वर्ष 2007 देखि रणनीतिक साझेदार हुन् अनि दुवै देशहरु बीच आर्थिक, ऊर्जा तथा रक्षा क्षेत्रमा सहयोग बडीरहेको छ। 200 भन्दा अधिक भारतीय कंपनिहरुले नाइजीरियामा महत्वपूर्ण क्षेत्रहरुमा 27 अरब डॉलर भन्दा अधिकको निवेश गरेको छ। नाइजीरियाको यात्रा पछि , प्रधानमंत्री मोदी जी-20 शिखर सम्मेलनमा भाग लिनको लागि ब्राजीलको रियो दी जनेरियो जानुहुनेछ।ब्राजीलका राष्ट्रपति लुइस इनासियो लूला दा सिल्वाले 18 अनि 19 नवंबरको दिन जी-20 शिखर सम्मेलनको आथित्य गर्नुहुनेछ। भारत, ब्राजील अनि दक्षिण अफ्रीका सित जी-20 ट्रोइकाको हिस्सा हो अनि जी-20 शिखर सम्मेलनको चलिरहेको वार्ताहरुमा सक्रिय योगदान गरिरहेको छ। शिखर सम्मेलनको अवधि , प्रधानमंत्रीले विभिन्न वैश्विक मुद्दाहरुमाथि भारतको दृष्टिकोण साझा गर्नुको साथै नयाँ दिल्ली घोषणा-पत्र अनि अफ्रीका, एशिया तथा लातिन अमरीकाका निर्धन अनि विकासशील देशहरुसित सम्बन्धित - वॉयस ऑफ द ग्लोबल साउथ शिखर सम्मेलन को परिणामहरु बारे अवगत गरौनुहुनेछ। हालका बर्षहरुमा भारतले यी शिखर सम्मेलनहरुको आथित्य गरेको छ। जी-20 शिखर सम्मेलन बाहेक प्रधानमंत्री मोदीले विश्वका अनेक नेताहरुसित भेट गर्नुहुनेछ। यात्राको तेस्रो चरणमा प्रधानमंत्री मोदी 19 देखि 21 नवंबर सम्म गुयानाको राजकीय यात्रामा रहनुहुनेछ। बर्ष 1968 पछि कुनै भारतीय प्रधानमंत्रीको गुयानाको यो पहिलो यात्रा हुनेछ। गत वर्ष गुयानाका राष्ट्रपति डॉक्टर मोहम्मद इरफान अली भारत यात्रामा आउनुभएको थियो अनि उहाँ मध्य प्रदेशको इदौरमा आयोजित 17ओ प्रवासी भारतीय दिवसको मुख्य अतिथि हुनुहुन्थ्यो।श्री अलीलाई प्रवासी भारतीय पुरस्कार द्वारा सम्मानित पनि गरिएको थियो। यात्राको अवधि प्रधानमंत्री मोदीले गुयानाका राष्ट्रपति मोहम्मद अली सित वार्ता गर्नुहुनेछ अनि अन्य नेताहरु सित भेंट गर्नुहुनेछ। प्रधानमंत्रीले गुयानाको संसदलाई पनि संबोधित गर्नुहुनेछ। प्रधानमंत्री नरेन्द्र मोदीले गुयानाको जॉर्जटाउनमा दोस्रो कैरिकॉम- भारत शिखर सम्मेलनमा भाग लिनुहुनेछ अनि कैरिकॉम समूहका सदस्य देशहरु सित भारतको पुरानो मैत्रीपूर्ण सम्बन्धहरुलाई अझ बलियो बनौनुहुनेछ। कैरीकॉम, 15 कैरेबियाई देशहरुको अंतरसरकारी संगठन हो अनि यसको प्राथमिक उद्देश्य, सदस्य देशहरु बीच आर्थिक सहयोगलाई प्रोत्साहन दिनु हो।

****** ० ******

**कालेबुङ प्रेस क्लब**

कालेबुङ प्रेस क्लबको 25 औं स्थापना दिवस साथै राष्ट्रिय प्रेस दिवस आज क्लब भवनमा पालन गरिएको छ। कार्यक्रममा पत्रकारितामाथि धेरै पत्रकारहरुले आ-आफ्नो सम्बोधन राखेका थिए। यसै अवसरमा क्लबका नयाँ सदस्यहरुलाई स्वागत जनाइएको थियो।

****** ० ******

**डिएचआर**

दार्जिलिंग हिमालयन रेलवे (डीएचआर)ले भोलि आइतबार देखि न्यू जलपाईगुड़ी-दार्जिलिंग टॉय ट्रेन सेवा फेरि शुरू गर्नेछ। यस संबंध मा सबै स्टेशन मास्टरहरुलाई संदेश पठाइसकेएको छ। न्यू जलपाईगुड़ी-दार्जिलिंग बीच विभिन्न स्थानहरुमा पैह्रो गएको कारण विगत तिन महिना भन्दा अधिक समय देखि रेलवे लाइन को मरम्मती कार्य जारी थियो। मरमत्ती कार्य पुरा भए पछि अब फेरि न्यू जलपाईगुड़ी-दार्जिलिंग बीच पुनः टोय ट्रिन सेवा शुरू हुनेछ।

****** ० ******

**हावड़ा ब्रिज**

कोलकाता स्थित हावड़ा ब्रिज को स्वास्थ्य परीक्षण आज राती गरिनेछ। यसलाई ध्यानमा राख्दै हावड़ा ब्रिज मा आज राती 11 बजे देखि भोलि बिहान पांच बजे सम्म यातायात बंद रहनेछ। हावड़ा पुलिस द्वारा जारी अधिसूचना अनुसार यस अवधि हावड़ा ब्रिज भएर यातायात गर्ने सबै वाहनहरुलाई अर्को मार्गबाट नियंत्रित गरिनेछ।

****** ० ******

**परीक्षा विशेष ट्रेन**

रेलवेले पश्चिम बंगाल लोक सेवा आयोग (पी.एस.सी) का परीक्षार्थीहरुका लागि हावड़ा अनि बैंडेल बीच अझ एक विशेष ट्रेन को घोषणा गरेको छ। प्राप्त जानकारी अनुसार, पीएससी द्वारा आयोजित क्लर्कशिप परीक्षा (भाग- I) 2023 का उम्मीदवारहरुका सुविधा को लागि हावड़ा शाखा मा भोलि आइतवार हावड़ा अनि बैंडेल बीचका सबै स्टेशनहरुमा यो ट्रेन रोकिनेछ। साथै एक अन्य ईएमयू सेवा दिइने व्यवस्था रेलवे को तर्फबाट गरिएको छ। हावड़ा-बैंडेल ईएमयू परीक्षा विशेष ट्रेन बिहान 7 बजेर 5 मिनटमा हावड़देखि शुरु हुनेछ भने बेलुकी 4 बजेर 48 मिनटमा बैंडेलबाट फर्किनेछ।

****** ० ******

**घूम पार्किंग**

दार्जीलिङमा दिनहु हुने ट्राफिकको समस्यालाई समाधान गर्नको लागि गोर्खाल्याण्ड क्षेत्रीय प्रशासनले दार्जीलिङ नगरपालिका क्षेत्र अन्तर्गत घूममा डीआरसी पार्किंग बनाउने तय गरेको छ । यस विषय लिएर आज कार्यकारी सभासद पूल एण्ड ट्रान्सपोर् उदय देवान, दार्जीलिंग नगरपालिका अध्यक्ष दिपेन ठकुरी, तथा गोर्खा चालक संघका सदस्यहरु लगायत जीटीए ईञ्जीनियरिङ बिभागका अधिकारीहरुले डीआरसी पार्किंग निर्माणको निम्ति साइट निरीक्षण गरेका छन्। पार्किंग निर्माणले भविष्यमा दार्जीलिंग पहाड़को ट्राफिकको समस्या धेरै हदसम्म समाधान हुनेछ्।

****** ० ******

**बाटो निर्माण**

अप्पर रेलिङ गुम्बाटारदेखि शेर्पा गाउँसम्म २.५ किलोमिटर लामो बाटोको शिलान्यास जीटीए प्रमुख अनित थापाको उपस्थितिमा भयो। यो बाटो २.७० करोडको लागतमा निर्माण हुँदैछ| शिलान्यासपछि सभासद सतीश पोख्रेलले यो बाटोको निर्माण २०२५ भित्र सकिने बताउनु भएको छ। उहाँले पहाडको विकास जीटीए अनि अनित थापाले गरि रहेको बताउनु भयो।

****** ० ******

**गोरामुमो**

गोर्खा राष्ट्रिय मुक्ति मोर्चा (गोरामुमो) केन्द्रीय समितिको बैठक दार्जीलिङमा सम्पन्न भयो। अध्यक्ष मन घिसिङको नेतृत्वमा बसेको बैठकमा पार्टीको भावी रणनीति, आन्दोलनका कार्यक्रम, र गोर्खाहरूको समस्यामाथि चर्चा गरियो। पार्टीले ६ डिसेम्बरमा छैटौं अनुसूची सम्झौता दिवस भव्य रूपमा मनाउने निर्णय गरेको छ। यसको साथै, गृहमन्त्री अमित शाह संग भेट गर्न उच्चस्तरीय टोली दिल्ली जाने घोषणा गरिएको छ।

****** ० ******

**बिमल गुरुङ**

गोर्खा जनमुक्ति मोर्चा मिरिक महकुमा समितिको साँगठनिक सभा आज अध्यक्ष बिमल गुरूङको उपस्थितिमा सम्पन्न भयो। सभामा मिरिक महकुमा समिति अध्यक्ष रूपेस राई, केन्द्रीय महासचिव रोशन गिरी लगायत विभिन्न भातृ संगठनका पदाधिकारीहरूको उपस्थिति थियो। सभापछि पत्रकारहरूसँग कुरा गर्दै अध्यक्ष गुरूङले साँगठनिक गतिविधि र आगमी नगरपालिका चुनावबारे चर्चा भएको जानकारी दिनु भयो। उहाँले चुनावमा भाग लिने विषयमा थप जानकारी उचित समयमा सार्वजनिक गरिने बताउनु भयो।

****** ० ******

**कवि सम्मान**

खरसाङ महकुमा अन्तर्गत सिटोङ एक ग्राम पञ्चायतको डायरी गाउँमा अवस्थित तितस लेप्चा स्मृति पुस्तकालयमा सिक्किमका कवि सिमियोन सुकिता राईलाई नेपालमा आयोजित पोयट आईडल सिजन दुईको विजेता बनेकोमा सम्मान जनाइएको छ। यस अवसरमा उहाँलाई तितस लेप्चा स्मृति पुस्तकालयको सभापति एंव कार्यक्रमको अध्यक्ष बिनिता छेत्री तथा कार्यक्रमको प्रमुख अतिथि आशा मुखिया लामाको बाहुलीबाट खदार्पणसहित शल ओढ़ाएर साथै स्मृति चिन्ह प्रदान गरियो।

****** ० ******

**चालसा-हात्ती**

जलपाइगड़ी जिल्ला को चालसा बीडीओ ऑफिस पाड़ा क्षेत्रमा हिज राती हात्तीले दर्जनौ घरहरुलाई क्षतिग्रस्त पारीदिएको खबर प्राप्त भएको छ। घटना बारे खबर पाउन साथै वन विभाग का कर्मीहरु क्षेत्रमा पुगेर हात्तीलाई जंगल तरफ भगाइ दिए पनि घटना पछि मानिसहरु धैरै आत्तिएको बताइएको छ। स्थानीय मानिसहरुले क्षेत्रमा हात्तीहरुको हमलालाई रोक्नका लागि वन कर्मीहरुद्वारा नियमित रात्री गश्ती को मांग गरेका छन्।

****** ० ******

**लिट-फेस्ट**

अरुणाचल प्रदेश ' लिट-फेस्ट २०२४ को ६ औं संस्करण अरुणाचल लिट्रेचर फेस्टिवल १३-१५ नोभेम्बर कन्भेन्सन सेन्टर इटनगरमा सम्पन्न भएको थियो। यस फेस्टिवलमा दार्जीलिङ मिरिककी चर्चित कवि कमला तामाङले १४ नोभेम्बरको दिन आफ्नो मातृभाषा नेपाली र राष्ट्रभाषा हिन्दीमा कविता वाचन गर्नुभयो। श्रीमती कमला तामाङ नेपाली भाषालाई प्रतिनिधित्व गर्दै यस कार्यक्रममा सहभागी बन्नुभएको थियो।

****** ० ******

**टाँसी छोइलिङ गोम्पा**

पाल्युल सामतेन टाँसी छोइलिङ गोम्पा ओकेटीमा आगामी २० नोभेम्बर प्राण प्रतिष्ठान गरिने भएको छ। पहिलो दिन ५०० वटा जाम्बाला तोर्मालाइ सिद्ध अनि प्राण प्रतिष्ठान गरिनेछ भने २१ अनि २२ नोभेम्बरको दिन वाङ वितरण गरिने पाल्युल धर्म केन्द्र पुजा आयोजक समितिले जानकारी दिएको छ।

****** ० ******